जलस्रोत कार्यविधि, २०७६ को दफा ५, उप दफा (२) संग सम्बन्धित

<u>उपभोक्ता संस्था दर्ताको लागि दिईने निवेदन</u>

मिति : २०...../..../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

..................................गाउँपालिका

................................................

विषयः जल उपभोक्ता संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामीले................................................जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत कार्यविधि, २०७६ को दफा ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको दुई प्रति विधान सहित निवेदन पेश गरेका छौं ।

**विवरण**

१. उपभोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :

क)

ख)

ग)

४. सदस्यहरुको नाम : ठेगाना पेशा

क)

ख)

ग)

# विधान

## चिशंखुगढी गाउँपालिकाको जल उपभोक्ता संस्थाको विधान, २०७७

**प्रस्तावना**

नेपाल राज्यभित्र ............... प्रदेश .............. गाउँपालिका वडा नं ...... स्थित...................... नदि/खोला/ताल/झरनाको पानीलाई समुचित ढंगले उपयोग गरेर ................ गाउँपालिका, वडा नं ....... स्थित खेती योग्य जग्गाको कृषि उत्पादनमा बृद्धि गरी ग्रामीण गरिबी घटाउने उद्देश्यले उक्त श्रोत बाट ............................सिँचाइ आयोजना निर्माण/पुनः निर्माण/मर्मत सुधार गरी आपसी सहयोगद्वारा संचालनमा ल्याउन यस क्षेत्रका उपभोक्ताहरुको साधारण सभाद्वारा यो विधान तयार गरिएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

**१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधानलाई ................................जल उपभोक्ता संस्थाको विधान- २०७७, भनिने छ ।

(ख) यस..........................................जल उपभोक्ता संस्थालाई जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा ५, उपदफा ३ अनुरुप दर्ता गरिसकेपछि मात्र यो विधान लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग गरीएका शव्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

(क) **संस्था** भन्नाले .......................... सिँचाइ जल उपभोक्ता संस्थालाई जनाउँदछ ।

(ख) **सिँचित क्षेत्रफल** भन्नाले ...................... को पूर्व, .......... को पश्चिम ...........को उत्तर .................. र को दक्षिण यति चारकिला भित्र रहेको जम्मा जग्गा .............. हेक्टरलाई जनाउँदछ ।

(ग) **सिँचाइ जल उपभोक्ता संस्था** भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रक्रिया अनुसार गठन भएको समितिलाई जनाउँदछ । **उपभोक्ता** भन्नाले सिँचाइ योजनावाट प्रत्यक्ष रुपमा फाईदा पाउने तोकिएको क्षेत्रका जग्गाधनीलाई जनाउँदछ ।

(घ) **साधारण सभा** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउँदछ ।

(ङ) **अध्यक्ष** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको प्रमुख ब्यक्तिलाई जनाउँदछ ।

(च) **सचिव** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको सचिवलाई जनाउँदछ ।

(छ) **कोषाध्यक्ष** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको लेखा हेर्ने कोषाध्यक्षलाई जनाउँदछ

(ज) **सदस्य** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त सिंचाइ उपभोक्ता सदस्यलाई जनाउँदछ ।

(झ) **कार्यकारिणी सदस्य** भन्नाले सिँचाइ उपभोक्ता संस्थाको सदस्य वा पदाधिकारीलाई जनाउँदछ ।

(ञ) **कृषक सिँचाइ समितिका पदाधिकारी** भन्नाले संस्थाको अध्यक्ष, सचिव, र कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारीणी सदस्य जसलाई संस्थाको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिएको छ, त्यस्ता ब्यक्तिहरुलाई जनाउँदछ ।

**३. संस्थाको छाप**

संस्थाको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो छुट्टै छाप रहने छ । यो छापको आकार ............... सेन्टीमिटर नबढाई ................. आकारको हुनेछ । यो छापमा ................................... सिँचाइ जल उपभोक्ता संस्था, २०७... भन्ने उल्लेख गरिएको हुनेछ ।

**४. संस्थाको कार्यालय**

संस्थाको कार्यालय ........... प्रदेश ................. गाउँ/नगरपालिका वडा नं .............. क्षेत्रमा रहने छ ।

